# लोक सेवा आयोग

## (सूचना तथा प्रकाशन शाखा)

कमलपोखरी, काठमाडौं

### सूचना नं. १०७५/०८१-८२, मिति २०८१/११/२१

**राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह पदको नेपाल प्रशासन सेवा, लेखा समूहमा पदसंख्या संशोधनसहित दरखास्त आव्हान तथा प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवातर्फ परीक्षा कार्यक्रम निर्धारण गरिएको सूचना।**

सम्मानित उच्च अदालत पाटनबाट रिट नं. ०८१-WO-११९३, ०८१-WO-१२३५ र ०८१-WO-१२९९ का सम्बन्धमा जारी भएका आदेश कार्यान्वयनको सिलसिलामा आयोगबाट यस पूर्व स्थगित गरिएका संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गतका **नेपाल प्रशासन सेवा, लेखा समूहमा पदसंख्या थप सहित दरखास्त आव्हान र प्रशासन सेवा, लेखापरीक्षण सेवा र संघीय संसद सेवाका रा.प.तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको परीक्षा कार्यक्रम निर्धारण गर्ने गरी** आयोगबाट मिति २०८१।११।१९ मा देहायबमोजिम निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

देहायः

क. नेपाल प्रशासन सेवा, लेखा समूहको हकमा साविक माग पदमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट थप माग प्राप्त भएकोले देहायबमोजिम पदसंख्या निर्धारण गरिएको छ। साविकमा दरखास्त दिने उम्मेदवारहरुको दरखास्तलाई कायमै राखी लेखा समूहतर्फ मात्र दरखास्त पेश गर्न चाहने उम्मेदवारहरुबाट जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिन र खुला तथा समावेशीतर्फका विज्ञापनको हकमा २१ दिनभित्र दरखास्त आव्हान गरिएको छ।

**नेपाल प्रशासन सेवा, लेखा समूहको साविक विज्ञापनमा थप गरि कायम भएको पदसंख्या**

| पदको विवरण | विज्ञापित पदको बढुवा सूचना नम्बर/विज्ञापन नम्बर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जेष्ठता र का.स.मु. द्वारा हुने बढुवा (बढुवा सूचना नं. १७१/०८१-८२) | खुला (१६७०१/ ०८१-८२) | महिला (१६७०२/ ०८१-८२) | आ.ज. (१६७०३/ ०८१-८२) | मधेशी (१६७०४/ ०८१-८२) | दलित (१६७०५/ ०८१-८२) | अपाङ्ग (१६७०६/ ०८१-८२) | पि.क्षे. (१६७०७/ ०८१-८२) |
| साविक विज्ञापित पद संख्या | १८ | २४ | ६ | ५ | ५ | २ | १ | १ |
| थप भएको पदसंख्या | १४ | १८ | ५ | ४ | ३ | २ | १ | ० |
| **थप पश्चात् कायम हुन आएको कूल पदसंख्या** | ३२ | ४२ | ११ | ९ | ८ | ४ | २ | १ |

ख. दरखास्त पेश गर्ने प्रयोजनको लागि उम्मेदवारको शैक्षिक योग्यता, उमेर, अनुभव लगायतका अन्य शर्तहरु साविक मिति २०८१/८/२६ गतेको विज्ञापनमा उल्लेख भएबमोजिम नै हुनेछ।

ग. नेपाल प्रशासन सेवा, लेखापरीक्षण सेवा एवं संसद सेवाका पदको हकमा देहायबमोजिम परीक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

**प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवातर्फः संयुक्त र एकीकृत लिखित परीक्षा कार्यक्रम**

| चरण/पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| प्रथम चरण/प्रथम पत्र | प्रशासनिक अभिरुची परीक्षण | २०८१/१२/३० | दिनको ११:०० बजे |
| *द्वितीय चरण : (प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउनेछन्)* | | | |
| द्वितीय पत्र (सबै सेवा समूहको लागि) | शासन प्रणाली | २०८२/२/२२ | दिनको २:०० बजे |
| तृतीय पत्र (सबै सेवा समूहको लागि) | समसामयिक विषय | २०८२/२/२३ | दिनको २:०० बजे |
| चतुर्थ पत्र (प्रशासन, संघीय संसद र लेखापरीक्षण सेवाका लागि) | सेवा/समूह सम्बन्धी | २०८२/२/२४ | दिनको २:०० बजे |

घ. नेपाल परराष्ट्र सेवाको हकमा सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०८१-WO-७५२ मा भएको अन्तरिम आदेश बमोजिम सम्मानित अदालतबाट रिटको टुङ्गो लागेका बखत सोही बमोजिम हुने गरी हाललाई सम्पूर्ण परीक्षा कार्यक्रम स्थगन गरिएको छ।